# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

संघीय मामिला तथा स्थानीय विकास ले.प.निर्देशनालय


पत्र संख्या: २०७४/७५
च.नं. १०१९

मिति: २०७४।११।३०

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुखज्यू,
देवानगञ्ज गाउँपालिका कार्यालय,
सुनसरी ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।११।११ मा छलफल पश्चात् तयार गरिएको पाना १० (दश) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थः**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
सुनसरी :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सुनसरी :- प्रतिवेदन संलग्न छ ।

(मदनकृष्ण श्रेष्ठ)
निर्देशक

# आर्थिक कारोबारको स्थिति

| कार्यालय र स्थान: श्री देवानगंज गाउँपालिका कार्यालय, सुनसरी | | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| आर्थिक वर्ष २०७३।७४ | कार्यालय प्रमुख: | कार्यकारी अ.श्री शिवकुमार निरौला | २०७३/१२/२८ | २०७४/३/३० | १०५३४९.११ |
| | लेखा प्रमुख: | ले.पा. श्री सुनिल कुमार यादव | २०७३/१२/२८ | २०७४/३/३० | |
| साविक मध्यहर्षाही गा.वि.स | सचिव | श्री राजकिशोर यादव | २०७३/४/१ | २०७४/११/२७ | १८४४९९.२४ |
| साविक देवानगंज गा.वि.स | सचिव | श्री केशव पोखरेल | २०७३/४/१ | २०७३/११/२७ | २१०७८९.७६ |
| साविक कप्तानगंज गा.वि.स | सचिव | श्री चुडामणि गुरागाई | २०७३/४/१ | २०७३/११/२७ | ० |
| साविक साहेवगंज गा.वि.स | सचिव | श्री मणिराम पाण्डे | २०७३/४/१ | २०७३/११/२७ | ४५३४०७.८० |
| साविक राजगंज सिनुवारी | सचिव | श्री प्रभुप्रसाद पराजुली | २०७३/४/१ | २०७३/११/२७ | ५००००.०० |

## देवानगंज गाउँपालिका

## एकीकृत आय-व्ययको विवरण

### गाउँ विकास समिति खर्च (फिर्ता समेत) २०७३।४।१ देखि २०७४ आषाढ मसान्तसम्म

| क.सं. | आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | साविक जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | मौज्दात/जि.वि.स.फिर्ता | जम्मा |
| (क) | साविक गाउँ विकास समितितर्फ (२०७३।४।१-११।२७) | | | | | | |
| १. | मध्यहर्षाही गाउँ विकास समिति | २७०५७३७.६४ | ७४२०२७०.६६ | १०१२६००८.३० | ८८९३२४०.०० | १२३२७६८.३० | १०१२६००८.३० |
| २. | देवानगंज गाउँ विकास समिति | १८८५५८२.३६ | ६४४८७१०.४० | ८३३४२९२.७६ | ८१३८२७८.०० | १९६०१४.७६ | ८३३४२९२.७६ |
| ३. | कप्तानगंज गाउँ विकास समिति | १०९४११.०० | १०९८६३२६.०० | १२०८०४३७.०० | १२०८०४३७.०० | ० | १२०८०४३७.०० |
| ४. | राजगंज सिनवारी गाउँ विकास समिति | २४९४५८१.४७ | १०२५३८७६.०० | १२७४८४५७.४७ | १२१०५७९७.०० | ६४२६६०.४७ | १२७४८४५७.४७ |
| | **जम्मा:** | **७१९५३१२.४७** | **३५१०९१८३.०६** | **४३२८९१९५.५३** | **४१२१७७५२** | **२०७१४४३.५३** | **४३२८९१९५.५३** |
| (ख) | कोशी गाउँपालिका (०७३।११।२८- ०७४।३।३० सम्म) | | | | | | |
| | **कूल जम्मा:** | **९५४४५७.१५** | **७६२३१५१९.४७** | **७७१८५९७६.६२** | **६५८५१८९६.०४** | **११३३४०८०.५८** | **७७१८५९७६.६२** |

## १. देवानगंज गाउँपालिकातर्फ (हाल कायम भएको) :

**(२०७३ फागुन २८ गते देखी २०७४ आषाढ मसान्त सम्म)**

**आय-व्यय विवरण**

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम | रकम | क्र.सं. | विवरण | रकम | रकम |
| १. | अल्य भएमा मात्र | - | | १. | जि.वि.स. अनुदान खर्च | - | २२३६७५२०.२४ |
| २. | जि.वि.स.अनुदान | - | २४५३०९६३.७७ | | | | |
| (क) | चालु अनुदान | | | (क) | चालु खर्च | | |
| (ख) | पूँजीगत अनुदान | | | (ख) | पूँजीगत खर्च | | |
| (ग) | सामाजिक सुरक्षा भत्ता | | २२७०८८००.०० | (ग) | सामाजिक सुरक्षा | | २२७०८८००.०० |
| (घ) | अन्य | | | (घ) | अन्य | | |
| ३. | गाउँपालिका अनुदान | - | | २. | गाउँपालिका अनुदान खर्च | - | |
| (क) | चालु अनुदान | | २००००००.०० | (क) | चालु अनुदान | | १६३९४७०.९० |
| (ख) | पूँजीगत अनुदान | | ८००००००.०० | (ख) | पूँजीगत अनुदान | | २८०४०९३.०० |
| (ग) | स्थानीय शासन | | | (ग) | स्थानीय शासन | | |
| (घ) | बहुक्षेत्रीय पोषण | | | (घ) | बहुक्षेत्रीय पोषण | | |
| (ङ) | अन्य | | १००६२१.०० | (ङ) | अन्य | | ३४१३११.०० |
| | | | | (च) | सुनौलो हजार दिन | | ३६८३५१०.०० |
| ४. | आन्तरिक आय | - | ८०७५५६.४० | ३. | मौज्दात | - | |
| | सुनौलो हजार दिन | | ३६८३५१०.०० | (क) | बैंक | | ८२९२७४६.०३ |
| | जम्मा | | ६१८३१४५१.१७ | | जम्मा | | ६१८३१४५१.१७ |

### २ साविकको गाउँ विकास समितितर्फ (२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म)

### २.१ मध्य हर्षाही गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | ८७३२६९.६४ | **१. यो वर्षको खर्च** | | |
| **२. यो वर्षको आम्दानी** | - | ० | • चालु | | ५७०१७५.८० |
| • चालु | | ३६३२००.०० | • पूजिगत | | १४६१५८२.०० |
| • पूजिगत | | २९९२८८०.०० | • **सामाजिक सुरक्षा** | | २४४६४००.०० |
| • **सामाजिक सुरक्षा** | | २४४६४००.०० | • **सुनौलो हजार दिन** | | ६३५४००.०० |
| • **सुनौलो हजार दिन** | | ६५०६८०.०० | **२. मौज्दात जि.वि.स.फिर्ता** | | २७०५७३७.६४ |
| • **जि.वि.स.** | | १४८५०८.०० | **हिसाव नमिलेको** | | १९७१५८.२० |
| • **आन्तरीक आय** | | ५४१५१६.०० | | | ० |
| **जम्मा** | | ८०१६४५३६४ | जम्मा | | ८०१६४५३.६४ |

### २.२.देवानगंज गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | १५७५८७२.४९ | **१. यो वर्षको खर्च** | | |
| **२. यो वर्षको आम्दानी** | - | ० | • चालु | | ८२७४४१.०० |
| • चालु | | ३६३२००.०० | • पूजिगत | | १९५३५१२.०० |
| • पूजिगत | | ३७५११५०.०० | • **सामाजिक सुरक्षा** | | २२३२०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| • सामाजिक सुरक्षा | | २२३२०००.०० | • जि.वि.स. | | ० |
| • सुनौलो हजार दिन | | ६४०३२०.०० | २. मौज्दात जि.वि.स.फिर्ता | | १८८५५८२.३६ |
| • जि.वि.स. | | ४९३०२.०० | • सुनौलो हजार दिन | | २२०७७७०.०० |
| • आन्तरीक आय | | ४९९२३४.७७ | • घरौटी नगद बाकी | | ८६५०.०० |
| • कर दाखिला गर्न बाकी | | ३८७६.१० | | | |
| **जम्मा** | | **९११४९५५.३६** | जम्मा | | **९११४९५५.३६** |

## २.३ कप्तानगंज गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | ० | **१. यो वर्षको खर्च** | | |
| **२. यो वर्षको आम्दानी** | - | ० | • चालु | | १२१२४८४.३७ |
| • चालु | | ३६३२००.०० | • पूजिगत | | १०२०५७३.४० |
| • पूजिगत | | २२०६९१०.०० | • **सामाजिक सुरक्षा** | | २७३४४००.०० |
| • **सामाजिक सुरक्षा** | | २७३४४००.०० | • **अन्य** | | ० |
| • **आन्तरीक आय** | | ७४८३३४.७७ | २. **मौज्दात जि.वि.स.फिर्ता** | | १०९४१११.०० |
| • **घरौटीखाता** | | ८७२४.०० | | | ० |
| **जम्मा** | | ६०६१५६८।७७ | जम्मा | | ६०६१५६८.७७ |

## २.४ रामगंज सिनवारी गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | ८९३१८६.६४ | **१. यो वर्षको खर्च** | | |
| **२. यो वर्षको आम्दानी** | - | ० | • चालु | | ६७६०६४.१७ |
| • चालु | | ३६३२००.०० | • पूजिगत | | ६३६२३७.०० |
| • पूजिगत | | २२४१७३५.०० | • **सामाजिक सुरक्षा** | | २५७२८००.०० |
| • **सामाजिक सुरक्षा** | | २५९५२००.०० | • **सुनौलो हजार दिन** | | ७४८०००.०० |
| • **सुनौलौ हजार दिन** | | ७३२५४०.०० | २. **मौज्दात जि.वि.स.फिर्ता** | | २४९४५८१.४७ |
| • **आन्तरीक आय** | | ३०१८२१.०० | | | ० |
| **जम्मा** | | **७१२७६८२.६४** | जम्मा | | **७१२७६८२.६४** |

## २.५ साहेवगंज सिनवारी गाउँ विकास समिति

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | - | २७५३६४.०९ | **१. यो वर्षको खर्च** | | |
| **२. यो वर्षको आम्दानी** | - | ० | • चालु | | ४६८६९५.०० |
| • चालु | | ३६३२००.०० | • पूजिगत | | ३००९००.०० |
| • पूजिगत | | १०४१७६५.०० | • **सामाजिक सुरक्षा** | | १२५२८००.०० |
| • **सामाजिक सुरक्षा** | | १३११२००.०० | • **जि.वि.स.सा.प.तलव** | | ९००००.०० |
| • **जि.वि.स.सा.प.तलव** | | ९००००.०० | २. **मौज्दात जि.वि.स.फिर्ता** | | ५८४००.०० |
| • **आन्तरीक आय** | | १७५१९६.०० | **गा.पा .फिर्ता** | | १०८३१०६.३० |
| • | | ० | **नगद मौज्दात** | | २८२३.७९ |
| **जम्मा** | | **३२५६७२५.०९** | जम्मा | | **३२५६७२५.०९** |

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| | स्वीकृत लेखापरीक्षण योजना तथा कार्यक्रम अनुसार उपरोक्त कारोबारको स्रेस्ता लेखपरीक्षण गर्दा देखिएका व्यहोराहरु उपर कार्यालय प्रमुख, लेखा प्रमुख लगायतका पदाधिकारीसँग मिति २०७४।११।११ मा छलफल गरी यो प्रतिवेदन तयार पारिएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न अनुसार छन् : |
| १. | **वार्षिक खरिद योजना तयार नगरेको** - सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष रु.२८,०४,०९३।- को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाइएकोले नियमको पालना भएको देखिएन। खरिद कार्यमा पारदर्शीता र समयबद्धताका लागि खरिद योजना आबशयक पर्ने भएकोले नियममा भएको व्यवस्था पालना हुनुपर्दछ। |
| २. | **मालसामानको लागत अनुमान तयार नगरेको** - सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो। कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ। |
| ३. | **बेरुजू अभिलेख र फछ्यौट** - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ। गाउँ बिकास समिति, गाउंपालिका, नगरपालिकामा बेरुजू अभिलेख, पेश्की बाँकीको बिबरण तथा सोको फछ्यौटको अभिलेख रहेको पाइएन। |
| ४. | **कारोबारको लेखा** - आर्थिक कार्यविधि ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखाङ्कन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक तिन गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको स्रेस्ताको दोहोरो लेखा प्रणालीमा लेखाङ्कन गरेको देखिएन। अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ। |
| ५. | **बिल भरपाई** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) मा कुनैपनि रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले भौ.नं.८।२०७४।२।१ वाट Dell N5559 कम्प्युटर १ थान भ्याट बाहेक रु.८१,८१५।९२ र क्यानन् प्रिन्टर थान १ भ्याट बाहेक रु.२२,१२३।८० गरी रु.१,०३,९३९।७२ भ्याट बाहेक एलिना ईन्फोटेक एण्ड इलेक्ट्रोनिक्स, विराटनरलाई विल नं.१५०७ को दोस्रोप्रति विलको आधारमा भुक्तानी दिएकोमा कर विजक पेश हुनुपर्दछ। |
| ६. | **बढी भुक्तानी** - ३३-२०७४।३।३०, स्थानीय निकाय आर्थिक प्रसासन सम्बन्धी नियमावली, २०६४ को नियम ४६(६) मा कुनैपनी रकमको भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले ना.सु. चुडामणी गुरागाईलाई मिति २०७३।११।२७ देखि २०७३।१२।१४ सम्म १८ दिनको निमित्त भत्ता बापत रु.२,७९०।६० भुत्तानी हुनुपर्नेमा रु.४,१९९.९९ भुत्तानी भएकोमा बढी भुक्तानी भएको रु.१,४०९।३९ असुल गरी राजस्व दाखिला गर्नुपर्दछ। |
| | **मध्यहर्साही गाउँ विकास समिति** |
| ७. | **हिसाव मिलान** - कार्यालयबाट प्राप्त आय-व्यय विवरण अनुसार आयभन्दा रु.१,९७,१५८।२० व्यय फरक परेको देखिएको छ। यसरी कार्यालयलाई प्राप्त भएको बजेट रकम खर्च गरी यथार्थपरक रुपमा आय-व्यय हिसाब तयार गर्नुपर्नेमा रु.१,९७,१५८।२० हिसाब फरक पारी आय-व्यय विवरण तयार गरेको छ। |

८. **सम्झौता बेगर खर्च लेखेको** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७(३) अनुसार उपभोक्ता समितिसंग सम्झौता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.३ मिति २०७४।१।१९ बाट रामजानकी धर्मशाला निर्माणर्थ रु.१,५०,०००।- खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुसार उपभोक्ता समितिसंग सम्झौता गरेको पाइएन । यसरी सम्झौता बेगर निर्माण कार्य गरी खर्च लेखेको रकम रु.१,५०,०००।- नियमित देखिएन ।

९. **आयकर कट्टी नगरी भुक्तानी** - भौ नं.८ मिति २०७४।१।२८ बाट सार्वजानिक निर्माण खर्च गर्दा भएको रकम रु.४४,३६२।३७ मध्ये कर योग्य रकम (भ्याट वाहेक) रु.३९,९४९।- मा १.५% ले हुने रकम रु.५९९।२४ कर कट्टा गरी भुक्तानी गरिनु पर्नेमा सो नगरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

१०. **आयकर कट्टी नगरी भुक्तानी** - भौ.नं.५० मिति २०७४।३।२५ बाट जोया कन्सट्रक्सन, इनरुवालाई निर्माण कार्य बापत रु.६,६०,०००।- भुक्तानी गर्दा कर योग्य रकममा १.५% का दरले अग्रिम कर रु.९९००।- कट्टा गरी भुक्तानी दिनुपर्नेमा सो नगरेको हुँदा उक्त रकम असुल हुनुपर्दछ ।

११. **कट्टी गरिएको रकम दाखिला** - कर्मचारी संचयकोष लगायत सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको १५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

१२. **पेश्की फछ्र्यौट नभएको** - स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले विगत वर्षको निम्न अनुसारको पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

| क्र.सं. | नाम | पेश्की रकम |
|---|---|---|
| १. | सूर्यनारायण मेहता | ४५,९१८।- |
| २. | महानन्द पाल | २,७९१।- |
| ३. | सकलदेव मेहता | १०,०००।- |
| ४. | चन्द्र मेहता | १०,२१२।- |
| ५. | सत्य नारायण मेहता | ४०,०४४।- |
| ६. | महानन्द मेहता | १०,०००।- |
| ७. | किशोर कुमार पाल | ३०,०००।- |
| ८. | सुशिल कुमार भगत | १७,०००।- |
| ९. | नरेन्द्र कुमार श्रेष्ठ | २२,२२२।- |
| | **जम्मा** | **रु.१,८८,१८७।-** |

१३. **विल भरपाई वेगर खर्च लेखेको** - स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले ओ.डी.एफ. कार्यक्रम अन्तर्गत रु.२४,०००।- खर्च लेखेकोमा ओ.डी.एफ. कार्यक्रम अन्तर्गत कुन-कुन कार्यक्रम कहाँ गरियो सोको विवरण खुल्ने कागजात लेखापरीक्षणको समयमा सोको कागजात पेश भएन ।

**साविक देवानगंज गा.वि.स.**

१४. **आयकर कट्टी नगरी भुक्तानी** - भौ.नं.२ मिति २०७३।६।१६ बाट दाहाल सप्लायर्स एण्ड ट्रेडको विल नं.५२-०७३।६।१० बाट भ्याट सहित रु.२८,००१।४० मध्ये भ्याट बाहेक रु.२४,७८०।- आयकर ऐन २०५८ मा व्यवस्था भए अनुसार १.५% का दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी गरिनु पर्नेमा सो नगरेकोले उक्त रकम रु.३७१।७० कर असुल हुनुपर्दछ ।

१५. **आयकर कट्टी नगरी भुक्तानी** - भौ.नं.२९-०७३।०६।१६ बाट कुन्ता देवी छापाखानाबाट स्टेशनरी सामान खरीद गर्दा कर योग्य रकम (भ्याट बाहेक) रु.२०,०६०।- मा १.५% का दरले रु.३००।९० आयकर ऐन, २०५८ मा व्यवस्था भए अनुसार स्रोतमा कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले उक्त कर असुल हुनुपर्दछ ।

१६. **आयकर कट्टी नगरी भुक्तानी** - भौ.नं.३८ मिति २०७३।८।२१ बाट गृहलक्ष्मी अटो इनरुवासँग रु.२,४५,९००।- मा एक थान मोटरसाइकल खरीद गरी खर्च लेखेकोमा खरीद रकमको मू.अ.कर बाहेको रकममा १.५% अग्रिम आयकर बापत रकम रु.३,२६४।१६ कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरेबाट उक्त कर रकम रु.३,२६४।१६ असुल हुनुपर्दछ ।

१७. **कट्टी गरिएको रकम दाखिला** - कर्मचारी सञ्चयकोष लगायत सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको १५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ ।

१८. **पेश्की फर्छ्यौट नभएको** - स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । साविक देवानगंज गा.वि.स. तर्फको रु.३,९६,२७५।- र देवानगंज गाँउपालिका वडा नं.२ तर्फको रु.२,०६,८५३।- गरी जम्मा रु.६,०३,१२८।- बाँकी रहेकोले बाँकी रहेको पेश्कीहरु प्रचलित ऐन, कानून बमोजिम असुल उपर गरी फछ्र्यौट गरिनुपर्ने । पेश्कीको विवरण निम्न बमोजिम छ :

| क्र.सं. | नाम | गतविगत | चालु | जम्मा |
|---|---|---|---|---|
| १ | बच्चालाल ऋषिदेव | ८००।- | | ८००।- |
| २ | गर्भुलाल मेहता | ८,१९६।- | | ८,१९६।- |
| ३ | देवनारायण यादव | ७,४००।- | | ७,४००।- |
| ४ | इस्लाम मियाँ | ३,८००।- | | ३,८००।- |
| ५ | धुरन यादव | २,५००।- | | २,५००।- |
| ६ | हरिकृष्ण यादव | ७,४००।- | | ७,४००।- |
| ७ | माधव लाल देव (स्वास्थ्य चौकी देवानगंज) | २,०००।- | | २,०००।- |
| ८ | हेम नारायण मेहता | ५१,२००।- | | ५१,२००।- |
| ९ | राकेश मेहता | ५०,०००।- | | ५०,०००।- |
| १० | बाल सुधार परिवार, इनरुवा | १०,०००।- | | १०,०००।- |
| ११ | पवन भगत | १०,०००।- | | १०,०००।- |
| १२ | भोटू मेहता | २०,०००।- | | २०,०००।- |
| १३ | रिजमान अंसारी | १५,०००।- | | १५,०००।- |
| १४ | शिवेन्द्र मेहता | ३०,०००।- | | ३०,०००।- |
| १५ | मदर्शा इस्लामिया | २०,०००।- | | २०,०००।- |
| १६ | जय दुर्गा भगवती बाल विकास केन्द्र | ४,४००।- | | ४,४००।- |
| १७ | सूर्य बाल विकास केन्द्र | ८,०००।- | | ८,०००।- |
| १८ | प्रतिक्षा बाल विकास केन्द्र | ५,०००।- | | ५,०००।- |
| १९ | सुन्दरी बाल विकास केन्द्र | ५,०००।- | | ५,०००।- |
| २० | शक्ति बाल विकास केन्द्र | ५,०००।- | | ५,०००।- |
| २१ | लक्ष्मण स्वर्णकार | १५,०००।- | | १५,०००।- |
| २२ | किशोरी खत्वे | २०,०००।- | | २०,०००।- |
| २३ | मोजीबूर रहमान अंसारी | ४३,५२९।- | | ४३,५२९।- |
| २४ | समीम अंसारी, कव्रिस्तान | २१,०५०।- | | २१,०५०।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | २५ | मदर्शा इस्लामिया | २१,०००।- | | २१,०००।- |
| | २६ | राजेश कुमार मेहता | १०,०००।- | | १०,०००।- |
| | २७ | स्वास्थ्य चौकी, देवानगंज | | ५६,८५३।- | ५६,८५३।- |
| | २८ | जसरुप मेहता, उ.स.अ. रामजानकी मन्दिर | | ७५,०००।- | ७५,०००।- |
| | २९) | टिका प्रसाद मेहता | | ७५,०००।- | ७५,०००।- |
| | | जम्मा | ३,९६,२७५।- | २,०६,८५३।- | ६,०३,१२८।- |

| | |
|---|---|
| १९. | **टुक्रा पारी खरिद गरेको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले विभिन्न सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेकोले ऐनको पालना भएको देखिएन । |
| २०. | **कट्टी गरिएको रकम दाखिला** - कर्मचारी सञ्चयकोष लगायत सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको १५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ । |
| | **कप्तानगंज गा. वि. स.** |
| २१. | **नगदबाट खर्च गर्ने गरेको** - गा.वि.स. को आन्तिरिक स्रोतबाट सङ्कलन रकम आवधिक रुपमा बैंक दाखिला गरी खर्च गरिनुपर्नेमा अधिकांश नगदबाटै खर्च गर्ने गरेकोले आर्थिक अनियमितता हुन सक्ने, खर्च पारदर्शी नहुने तथा नगद लगायत कर्मचारीको सुरक्षा समेतमा प्रतिकूल असर पर्न सक्ने हुँदा आन्तरिक स्रोतबाट सङ्कलित रकम नियमित बैंक दाखिला गरी कारोबार गरिनु पर्ने देखिन्छ । |
| २२. | भौ.नं.१८ मिति २०७४।२।२१ बाट साविक कप्तानगंज गा.वि.स. को वार्ड नं.४ मेनरोड पूर्व जाने बाटोमा ग्राभेल हालेको मुल्याङ्कन गरिएको भएपनि ग्राभेलको विल संलग्न नहुँदा के कति ग्राभेल हालियो र सोको मुल्याङ्कन यथार्थमा आधारित नभएको । |
| २३. | **क.स. कोष दाखिला** - कर्मचारीको परिश्रमिक भुक्तानी गर्दाको बखत पारिश्रमिकबाट कट्टा गरिएको कर्मचारी सञ्चयकोष बापतको रकम भुक्तानी गर्दा कै बखत बैंक दाखिला गरिनु पर्नेमा वर्षान्तमा मात्र गर्ने गरेको छ । यसरी कर्मचारी सञ्चय कोष कट्टी रकम समयमै सम्वन्धित खातामा दाखिला हुनुपर्दछ । |
| २४. | **कट्टी गरिएको रकम दाखिला** - सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको १५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ । |
| २५. | **वार्षिक खरीद कार्यक्रम** - सार्वजानिका खरीद ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम सार्वजानिक निर्माण कार्य गराउँदा वा कार्यालयलाई आवश्यक पर्ने माल सामान खरीद गर्दा वार्षिक खरीद कार्यक्रम तर्जुमा गरी उपलब्ध गर्नुपर्नेमा सो नगरेको । |
| | **साहेवगंज गा.वि.स.** |
| २६. | **जिन्सी दाखिला नगरेको** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.६ मिति २०७३।१०।२७ बाट मोटरसाईकल १ थान खरीद गरी रु.१,९४,०००।- मा खरिद गरी खर्च लेखेकोमा सोको जिन्सी दाखिला गरेको देखिएन । |
| २७. | **जिन्सी दाखिला नगरेको** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.६ मिति २०७४।२।१४ बाट प्रयास स्टेसनरीको विल अनुसार कार्यालय सामान खरिद गरी रु.२४,३३०।- खर्च लेखेकोमा सोको जिन्सी दाखिला गरेको देखिएन । |

२८. **आयकर कट्टा नगरेको** - आयकर ऐन, २०५८ अनुसार रु.५० हजारभन्दा बढीको ठेक्का वा करारको भुक्तानीमा भुक्तानी रकमको १.५ प्रतिशत रकम कर कटाउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्न विवरण बमोजिमको कार्य गर्दा गराउँदा गौरीभक्त होटल म्यानेजमेन्ट एन्ड टेक्नोलोजी ट्रेनिङ्ग प्रा.लि. लाई भुक्तानी गर्दाको बखत कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले सो बापत रु.१,४२५।- कर असुल हुनुपर्दछ ।

| मिति | कार्य विवरण | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|
| भौ. नं. ११-०७४।३।२६ | वैदेशि रोजगार सम्बन्धि कार्यक्रम | ३५,०००।- | ५२५।- |
| भौ नं. १२-०७४।३।२६ | १ महिने एडभान्स कम्प्युटर तालिम | ३५,०००।- | ५२५।- |
| भौ नं. १३-०७४-३-२६ | बालमैत्री स्थानिय शासनमा नेतृत्व क्षमताको विकास | २५,०००।- | ३७५।- |
| | जम्मा | ९५,०००।- | १,४२५।- |

२९. **क.स. कोष दाखिला** - कर्मचारीहरुको पारिश्रमिकबाट कट्टी गरिएको कर्मचारी सन्चयकोष बापतको रकम पारिश्रमिक भुक्तानी गर्दा कै बखत बैंक दाखिला गर्नुपर्नेमा सो नगरेको ।

३०. **कट्टी गरिएको रकम दाखिला** - सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको १५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ ।

३१. **पेश्की फर्छ्यौट नभएको** - स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्यौंट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले निम्न अनुसारको पेश्की बाँकी रकम आर्थिक वर्षको अन्तसम्ममा रु.२,३३,६५२।८० फछ्यौंट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्यौंट हुनुपर्दछ ।

| क्र.सं. | नाम | पेश्कि रकम |
|---|---|---|
| १ | नुनदेव मण्डल | २७,०००।- |
| २ | जयनारायण मण्डल | २५,०००।- |
| ३ | रुपा देवी ठाकुर | १०,०००।- |
| ४ | मानवी देवी यादव | १०,०००।- |
| ५ | मो. इसाल बैठा | १७,०००।- |
| ६ | बिरेन्द्र कुमार पाल | ९,९९९।- |
| ७ | सेवानन्द यादव | १०,०००।- |
| ८ | मानेश्वर मेहता | ४०,०००।- |
| ९ | जवाहर लाल पाल | ५३७।- |
| १० | देवेन्द्र साहु | १३,२००।- |
| ११ | सिताराम यादव | ४,३००।- |
| १२ | अनिरुद्र मण्डल | ४,५००।- |
| १३ | मुलचन्द्र यादव | २,११६।८० |
| १४ | सेवालाल मेहता | ६०,०००।- |
| | **जम्मा** | **२,३३,६५२।८०** |

**राजगंज सिनुवारी गा.वि.स.**

३२. **विल नभएको** - स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.५७ मिति ०७४।३।२५ बाट सार्वजानिक निर्माणको काम रकम रु.५०,०००।- मा गराउँदा सो विल साथ मिक्सगिट्टी (ग्राभेल) को विल पेश भएको छैन । यसरी खर्च रकमको विल संलग्न नगरी खर्च लेखेको रकम रु.५०,०००।- नियमित देखिएन ।

३३. **पेश्की फछ्र्यौट नभएको** - स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले निम्नानुसार विगत वर्षको पेश्की बाँकी रहेकोले उक्त बाँकी पेश्कीहरु प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरी फछ्र्यौट गरिनुपर्ने । पेश्कीको विवरण निम्न बमोजिम छ :

| क.सं. | नाम | आ. व. | रकम |
|---|---|---|---|
| १) | महेन्द्र दास तत्मा (मुखिया) | २०७२।७३ | ५०,०००।- |
| २) | निर्मला पोखरेल | २०६७।६८ | ११,०००।- |
| ३) | बलराम यादव | २०६७।६८ | ९२,०००।- |
| ४) | गुगली यादव | २०६७।६८ | ५०,०००।- |
| ५) | नन्दन कुमार यादव | २०६७।६८ | ४,०००।- |
| ६) | खुवालाल मेहता | २०६७।६८ | २५,०००।- |
| ७) | कमल कुमार सरदार | २०६७।६८ | १९,०००।- |
| ८) | बहुउदेश्यीय ग्रामीण विकाश केन्द्र (राज कुमार मेहता) | २०६७।६८ | ५५,०००।- |
| ९) | बुध नारायण यादव | २०६७।६८ | १५,०००।- |
| १०) | राजेन्द्र प्रसाद यादव | २०६७।६८ | १०,०००।- |
| ११) | संतोष कुमार मेहता | २०६८।६९ | १२,०००।- |
| १२) | जगदिश मेहता | २०६८।६९ | २०,०००।- |
| १३) | बसरत मियाँ | २०६८।६९ | २५,०००।- |
| १४) | सीता देवी मेहता | | ३१,०००।- |
| १५) | चिनेश्वर मेहता | २०६९।७० | १,००,०००।- |
| १६) | दानालाल सरदार | २०६९।७० | ५,०००।- |
| १७) | तराई विकास परिषद | २०६८।६९ | १२,०००।- |
| १८) | विजय कुमार यादव | २०७०।७१ | १५,०००।- |
| १९) | दिपेन्द्र कुमार मेहता | २०७०।७१ | १३,०००।- |
| २०) | बंदना यादव | २०७२।७३ | ४६,०००।- |
| | | जम्मा: | **६,१०,०००।-** |

३४. **कट्टी गरिएको रकम दाखिला** - सामाजिक सुरक्षा कर र स्रोतबाट कट्टी गरिएको अग्रिम आयकर रकम कट्टी गरेको अर्को महिनाको १५ गतेभित्र दाखिला गरी सक्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको पाइयो । यसरी तोकिएको अवधिभित्र कट्टा गरिएको रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ ।

३५. **टुक्रा पारी खरिद गरेको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले विभिन्न सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेकोले ऐनको पालना भएको देखिएन ।

३६. **क.स. कोष बैंक दाखिला** - कर्मचारीहरुको पारिश्रमिकबाट कट्टा गरिएको क.स. कोष बापतको रकम तलव भत्ता भुक्तानी गर्दाकै समयमा बैंक दाखिला गर्नुपर्नेमा सो गरेको देखिएन ।

## स्रोत उपयोग र उपलब्धिको विवरण

**(हाल कायम भएको गाउपालिकामा प्रयोग गर्ने )**

| क्र.सं. | स्रोत | | मुख्य उपलब्धिहरु | |
|---|---|---|---|---|
| १ | यस वर्षको आम्दानी | ७७१८५९७६.६२ | बजेट खर्च | ६५८५१८९६.०४ |
| २ | कर्मचारी संख्या | स्थायी जना<br>जनप्रतिनिधि | स्थानीय तहको आम्दानी | ३०७३६५८.९४ |
| ३ | भौतिक पूर्वाधारः | | धरौटी आम्दानी | ० |
| | • भवन संख्या | नभएको | कार्यक्रम उपलब्धि | |
| | • सवारी साधन संख्या | नभएको | • पञ्जिकरण कार्य, सिफारिस, नगर स्वास्थ्य | सख्या नखुल्ने |

## बेरुजू वर्गीकरण

| क्र.सं. | बेरुजू वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | ६,९,१०,१४,१५,१६,२८ | १७२७०.३९ |
| २ | नियमित गर्नुपर्ने | | |
| | • अनियमित भएको | ८ | १५००००.०० |
| | • प्रमाण कागजात पेस नभएको | ५,१३,२६,२७,३२ | ३९६२६९.७२ |
| | • जिम्मेवारी नसारेको | | |
| | • शोधभर्ना नलिएको | | |
| ३ | पेश्की: | | |
| | • कर्मचारी | | |
| | • मोबिलाइजेसन | | |
| | • प्रतीतपत्र | | |
| | • संस्थागत | १८,३१ | ४४०५०५.८० |
| ४ | सैद्धान्तिक | १,२,३,४,७,११,१२,१७,१९,२०,२१,२२,२३,२४,<br>२५,२९,३०,३१,३३,३४,३५,३६ | |
| | **जम्मा:** | | १००४०४५.९१ |